(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८० साल श्रावण १ गते देखि २०८० साल आश्विन मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वत: प्रकाशन)


नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौ

फोन: ०१-४२००३०६ इमेल: it.section@mofaga.gov.np


२०८० कार्तिक १५

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

२०८० साल श्रावण १ गते देखि २०८० साल आश्विन मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु (स्वत: प्रकाशन)

---

प्रकाशक: नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह क्षमता विकास महाशाखा
सूचना तथा प्रविधि शाखा

फोन नं.: ०१-४२००३०६

वेवसाइट: www.mofaga.gov.np

इमेल: it.section@mofaga.gov.np

प्रकाशन: २०८० कार्तिक १५

# बिषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | ३ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | २० |
| ५. | मन्त्रालयका महांशाखा, शाखा र जिम्मेवार अधिकारी | २० |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | २२ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | २२ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | २२ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | २२ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | ३२ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ३२ |
| १२. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ३३ |
| १३. | मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | ३३ |
| १४. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | ३३ |
| १५. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | ३४ |
| १६. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण | ३४ |
| १७. | ऐन नियम तथा निर्देशिकाको सूची | ३४ |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- १ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थापना भएको हो। नेपालको संविधान, २०७२ जारी भएपछि सङ्घीयताको कार्यान्वयन शुरु भएको तथा संघीयताको कार्यान्वयन सँगै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका बढेको छ । मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । यस मन्त्रालय अन्तर्गत निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय किताबखाना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान गरी ४ वटा विभागिय कार्यालयका अतिरिक्त ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।

मन्त्रालयको कार्यसञ्चालनका लागि नेपालको संविधान, २०७२ अनुरुप राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य गर्दै आएको छ ।

**स्थानीय तहको विवरण**

| | |
|---|---|
| जिसस | ७७ |
| गाउंपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा समय-समयमा जारी भएका स्थानीय तह सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दैआएको छ ।

नवगठित स्थानीय तहहरुबाट हुने सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता तथा एकरुपता होस् भन्ने हेतु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु जारी गरिएको छ ।

## २. मन्त्रालयको काम कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- २ को देहाय १८ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ।

- सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय
- स्थानीय तहको सङ्ख्या, सीमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण
- विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानून र मापदण्ड
- राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग थारु आयोग र मुस्लिम आयोग,
- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान,
- पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखिकरण,
- फोहोरमैला व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून, मापदण्ड,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन,
- संघीय कर्मचारी निकायसम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानून र मापदण्ड,
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय,
- संघीय निजामती सेव र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन,
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरुको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यस्थापन,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड,
- संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरुको दरवन्दी सिर्जना सम्बन्धी नीति र मापदण्ड,
- वढुवा समितिको सचिवालय,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीहरुको सेवा ,शर्त र सुविधा,


- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड
- स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाको तालिम सम्बन्धी नीति, कानून, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास
- सार्वजनिक पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी नीति र मापदण्ड
- प्रशासकीय अभिलेख र तथ्यांक
- निजामती अस्पताल, कर्मचारी प्रशिक्षण प्रतिष्ठान र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासंग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन, राष्ट्र सेवक कर्मचारी सम्बद्ध संघ संस्था
- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको संचालन
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको जनरल उपसमूहको सञ्चालन

## ३. मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

(क) संगठन संरचना

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना




सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(ख) कर्मचारी संख्या

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ६ |
| ३ | उपसचिव | रा.प.व्दितीय | प्रशासन | सा.प्रशासन | | २० |
| ४ | उपसचिव | रा.प.व्दितीय | प्रशासन | लेखा | | १ |
| ५ | उपसचिव | रा.प.व्दितीय | न्याय | कानून | | १ |
| ६ | प्रमुख पुस्तकालय अधिकृत | रा.प.व्दितीय | शिक्षा | पुस्तकालय | | १ |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | | ४६ |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| ९ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| १० | कम्प्युटर ईन्जिनीयर | रा.प.तृतीय | विविध | | | १ |
| ११ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ |
| १२ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | ३० |
| १३ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | २ |
| १४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | १० |
| १५ | पुस्तकालय सहायक | रा.प.अं.प्र. | शिक्षा | पुस्तकालय | | १ |
| १६ | खरिदार | रा.प.अनं.व्दि. | प्रशासन | सा.प्रशासन | | ६ |
| १७ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | सा.प्रशासन | | ४ |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | | | | १२ |
| १९ | कार्यालय सहयोगी | श्रेणी विहीन | | | | २६ |
| | जम्मा | | | | | १७२ |

(ग) कार्य विवरण

## १. सङ्घीय मामिला महाशाखा

१. संघीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,

२. संघीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,

३. संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वयसम्बन्धी कार्य,

४. गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,

५. विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,

६. पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,

७. स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,

८. संविधान तथा संघीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,

९. प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,

१०. प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,

११. प्रदेश र स्थानीय तह सम्बन्धी संघीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलव्ध गराउने सम्बन्धी कार्य,

१२. स्थानीय तह सम्बन्धी अभिलेख व्यवस्थापन कार्य,

१३. स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय सम्बन्धी कार्य,

१४.सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति,कानून,योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,

१५. स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC) सम्बन्धी कार्य।

१७.राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्था सँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी विषय,

१८.संघीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरुको संकलन र प्रचारप्रसार सम्बन्धी कार्य,

१९. संघीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य,

२०.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

-निर्वाचन आयोग
-राष्ट्रिय दलित आयोग,
-राष्ट्रिय समावेशी आयोग,
-आदिवासी जनजाती आयोग,
-राष्ट्रिय महिला आयोग
-मधेशी आयोग,
-थारु आयोग
-मुस्लिम आयोग
-केन्द्रीय पंजीकरण विभाग
-समाज कल्याण परिषद्
-आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान

२१. तोकिएबमोजिमका अन्य कार्यहरू ।

## (क) सङ्घीय मामिला शाखा

१. संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको कानुन,नीति र मापदण्डसम्बन्धी कार्य,
२. गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारणमा समन्वय सम्बन्धी कार्य,
४. विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,
५. संघीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
६. संघीय शासन व्यवस्था सम्बन्धी अध्ययन,अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,
७. प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
८. प्रदेश र विषयगत मन्त्रालयसँगको सम्पर्क,सहयोग तथा समन्वय सम्बन्धी कार्य,
९. नेपाल सरकारको तर्फबाट सङ्घीय शासन प्रणालीका सम्बन्धमा अन्तर्राष्ट्रिय फोरमहरुमा जनाईने प्रतिवद्धता र समझदारीहरुका सम्बन्धमा सम्बन्धित निकायहरुको समन्वयमा कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।
१०.स्थानीय तह सम्बन्धी अभिलेख (स्थानीय तहका पदामधकारीको विवरण तथा स्थानीय कानून एवं राजपत्र) व्यवस्थापन सम्बन्धी कार्य,
११.संघीयता सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यासहरुको संकलन र प्रचार प्रसार सम्बन्धी कार्य।
१२.संघीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य।
१३.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क शाखाको रुपमा कार्य गर्ने
निर्वाचनआयोग
राष्ट्रिय मानव अधिकार आयोग,

## (ख) स्थानीय तह समन्वय शाखा

१. स्थानीय तहसंगको सम्पर्क र समन्वय,
२. संविधान तथा संघीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने बिषय,
३. स्थानीय तह र विषयगत मन्त्रालयबीचको सम्पर्क, सहयोग तथा समन्वय (शाखागत रुपमा तोकिएका कार्य बाहेक),
४. स्थानीय तहहरुबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्वन्धी कार्य,
५. जिल्ला समन्वय समितिसँगको सम्पर्क, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
६. स्थानीय तहसँग सम्बन्धित विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ,संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य ।
७. अभियान मूलक कार्यक्रमको मापदण्ड, नीति समन्वय र सहजीकरण।
८. निजामती बाहेकका स्थानीय तहमा कार्यरतअन्यस्थायी कर्मचारीहरुको बढुवा, उजुरी, राय प्रतिकृया सम्बन्धी कार्य,
९. संघीय मन्त्रालयबाट स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरुको समन्वय र सहजीकरण।

## (ग) सामाजिक समावेशीकरण तथा सामाजिक सूरक्षा शाखा

१. पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,
२. स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय सम्बन्धी कार्य,
३. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,
४. स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC)सम्बन्धी कार्य,
६. राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्‍य,
७. सकारात्मक विभेद सम्बन्धी नीति एवं मापदण्डमा सहजीकरण,
८. लैंगिक समता तथा सामाजिक समावेशीकण सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास र त्यस्ता संघ संस्थाहरूसँगको सम्पर्क र समन्वय तथा नेपाल सरकारले अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता स्थानीय स्तरमा लागु गराउन प्रोत्साहन,सहयोग र सहजीकरण सम्बन्धी कार्य,
९. विकास कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशीकरणको लेखाजोखा एवम् असल अभ्यासहरुको आदानप्रदान,
१०. बालमैत्री संरक्षण सम्बन्धी कार्य,
११. राष्ट्रिय गैर सरकारी संस्था, सामुदायिक संस्था र उपभोक्ता समूहको संस्थागत विकास, व्यवस्थापन एवं परिचालनमा समन्वय सम्बन्धी कार्य ।
१२. मन्त्रालयको लैंगिक सम्पर्क विन्दु (Gender Focal Point ) को रुपमाकार्य गर्ने
१३. देहायका आयोग, समित, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क शाखाको रुपमा कार्य गर्ने:
   - राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजातिआयोग, राष्ट्रिय महिला आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग
   - केन्द्रीय पंजीकरण विभाग
   - समाज कल्याण परिषद्
   - आदिवासी जनजाति राष्ट्रिय उत्थानप्र तिष्ठान
१४. तोकिए बमोजिमका अन्य कार्यहरु

## २. योजना तथा विकास सहायता समन्वय महाशाखा

१. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति,कानून,मापदण्ड,प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
२. फोहरमैला व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,समन्वय र सहजिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,
४. मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
५. योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,

६. संघीय मामिला सम्बन्धी अन्तर्राष्ट्रिय संघ,संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य,

७. मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा रणनैतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,

८. स्थानीय तहको आवधिक, बार्षिक, रणनैतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,

९. संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,

१०. नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय

११.अन्तर सरकारी वित्तिय सम्वन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तिय ढाँचा निर्माणको नमुना विकास सम्बन्धी कार्य,

१२. अन्तर-स्थानीय तह विकास योजना,परियोजना र कार्यक्रमको समन्वय र सहजीकरणसम्बन्धी कार्य,

१३. स्थानीय तहको योजनाप्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क,सहयोग तथा समन्वय सम्बन्धी कार्य,

१४. विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,

१५. स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्वन्ध विस्तार सम्बन्धी कार्य,

१६. विशेष,संरक्षित तथा स्वायत्त क्षेत्रर पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,

१७. स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदनसम्बन्धी कार्यको अभिलेखिकरण र समन्वयसम्बन्धी कार्य,

१८. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,

१९. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,

२०. आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,

२१. स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,

२२. भूउपयोग र वस्ती विकास योजनाकार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,

२३. स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्यांकन सम्बन्धी कार्य,

२४. स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,

२५. वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,

२६. स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,

२२.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

-राष्ट्रिय योजना आयोग,

-स्थानीय पूर्वाधार व्यवस्थापन विभाग

-सडक वोर्ड नेपाल

-राष्ट्रिय लगानी वोर्ड

-नगर विकास कोष

२७.तोकिए बमोजिमका अन्य कार्यहरू ।

## क) योजना तथा अनुगमन शाखा

१. मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक योजना तथा वार्षिक बजेट र कार्यक्रम सम्वन्धी कार्य,
२. संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
३. प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना तथा बजेट, मध्यकालिन खर्च संरचना तथा रणनीतिक योजना तथा MTEF तर्जुमा सम्बन्धी कार्य,
४. अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजिकरण,
५. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
६. दिगो विकास लक्ष्य (Sustainable Development Goals) हाँसिल गर्ने सम्बन्धमा स्थानीय तहलाई सहयोग र समन्वय,
७. विशेष, संरक्षित तथा स्वायत्त र पिछडिएको क्षेत्रको विकास सम्बन्धी कार्य,
८. स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समिक्षा र प्रतिवेदन अभिलेखीकरण सम्बन्धी कार्य,
९. स्थानीय तहमा नेपाल सरकारबाट प्रदान गरिएबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम सम्बन्धी कार्य,
१०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड, सूचक र कार्यक्रम तर्जुमा,एवं कार्यान्वयनमा समन्वय,
११. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
१२. वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्य,
१३. आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
१४. वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्वन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्य
१५. मन्त्रालयबाट गरिने महत्वपूर्ण नीतिगत निर्णयलाई व्यवस्थित गर्न स्थापित नीति समन्वय समिति (PCC) को सचिवालयको रुपमा गर्ने कार्य।

## (ख) विकास सहायता समन्वय शाखा

१. स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण तथा वैदेशिक अध्ययन, तालिम, भ्रमणको स्वीकृति सम्बन्धी कार्य,
२. मन्त्रालय सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धिको अभिलेखाङ्कन, प्रतिवेदन, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
३. अन्तराष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय सम्बन्धी कार्य,
४. विकास सहायता नीति बमोजिम अन्तर्राष्ट्रिय सहायता सम्वन्धी नीतिगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने ।
५. स्थानीय तहमा अन्तराष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजिकरण सम्बन्धी कार्य,
६. अर्थ मन्त्रालयसँग समन्वय गरी स्थानीय विकासको लागि वैदेशिक सहयोग नीति र प्राथमिकता तय गर्ने सम्बन्धी कार्य,
७. विकास सहायता नीति अनुरुप स्थानीय एवं प्रदेश तहमा कार्यक्रम सञ्चालन गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंग समन्वय र सहजीकरण,
८. विकास सहायता अन्तर्गत प्रदेश एवं स्थानीय तहमा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा निरिक्षण,
९. नेपाल सरकारसंग सम्झौता भई विभिन्न स्थानीय तह, प्रदेश तथा आयोजनामा कार्यरत विदेशी दक्ष श्रमिक तथा विशेषज्ञहरुको अद्यावधिक विवरण तयार गर्ने र तिनीहरुबाट सम्पादित कार्यको आवधिक मुल्याङ्कन गर्ने,

१०.मन्त्रालयको कामसँग सम्बद्ध विदेशी नागरिक एवं स्वयंसेवकहरुलाई कार्य सहमति तथा भिषाको सिफारिश गर्ने सम्बन्धी कार्य,

११.अन्तराष्ट्रिय सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरूको हस्तान्तरण तथा व्यवस्थापन सम्बन्धी कार्य,

१२.स्थानीय तहले माग गरेको विदेशी स्वयंसेवक तथा प्राविधिकको व्यवस्था र अनुगमन सम्वन्धी कार्य,

१३.मन्त्रालय तथा स्थानीय तहमा अन्तराष्ट्रिय सहायताबाट सञ्चालित विकास परियोजनाहरूको कार्यान्वयनमा आवश्यक समन्वय गर्ने सम्बन्धी कार्य,

१४.स्थानीय तहहरुको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्वन्ध स्थापना र व्यवस्थित गर्ने सम्बन्धी कार्य ।

### (ग) वातावरण तथा विपद् व्यवस्थापन शाखा

१. स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,

२. स्थानीय तहमा विपद पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,

३. स्थानीय तहमा विपद व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजिकरण, समन्वय र सहकार्यलाई प्रवर्द्धनगर्ने सम्बन्धी कार्य,

४. स्थानीय तहमा वातावरणमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्ने सम्बन्धी कार्य,

५. स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय प्रयासहरु र संस्थाहरुबीचको सम्बन्ध, सहयोग र समन्वय कायम गर्ने सम्बन्धी कार्य,

६. फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रममा समन्वय र सहजिकरण सम्बन्धी कार्य,

७. स्थानीय स्तरमा वातावरण प्रदूषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरु निर्धारण तथा सोको कार्यान्वयनमा सहजिकरण र अनुगमन गर्ने सम्बन्धी कार्य,

८. स्थानीय तहको एकीकृत वस्ती विकास मापदण्ड तथा योजना तयारी समन्वय सम्बन्धी कार्य ।

९. वारुणयन्त्र तथा अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,

१०.भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड स्थानीय तहमा कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,

११.गाउँ तथा नगरमा बहुप्रकोप प्रतिरोधी भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य ।

१२.स्थानीय तहमा भू-उपयोग योजना कार्यान्वयनमा समन्वय,

## ३. स्थानीय तह क्षमता विकास महाशाखा

१. सार्वजनिक पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,

२. स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य,

३. स्थानीय तहको जनशक्ति विकास नीति, योजना तथा कार्यान्वयन सम्बन्धी कार्य,

४. विकासका बहुआयामिक र अन्तरसम्बन्धित विषयहरुको कार्यान्वयनमा क्षमता विकास सम्बन्धी कार्य,

५. स्थानीय तहको न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्य,

६. स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,

७. स्थानीय तहको क्षमता विकास सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको समन्वय र सहकार्य सम्बन्धी कार्य,
८. सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
९. सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
१०. मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
११. सुशासन प्रवर्द्दन तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
१२. स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
१३. स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
१४. स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
१५. संघीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
१६.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
- -संघीय संसद
- -अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
- -राष्ट्रिय मानव अधिकार आयोग,
- -राष्ट्रियप्राकृतिक श्रोत तथा वित्तियआयोग,
- -राष्ट्रिय सूचना आयोग,
- -राष्ट्रिय सतर्कता केन्द्र
- -स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
- -प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

१७. तोकिए बमोजिमका अन्य कार्य ।

## (क) स्थानीय तह क्षमता विकास शाखा

१. स्थानीय तहका सार्वजनिक पदाधिकारी, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी (सबै प्रकारका तालिम, गोष्ठी, कार्यशाला, अभिमुखीकरण आदि) नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,
२. स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा सङ्घीय तथा प्रादेशिक विषयगत मन्त्रालय, अन्तर स्थानीय तह, सरकारी (जस्तै स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, Staff College, विभिन्न विश्वविद्यालयहरु, अनुसन्धान केन्द्रहरु आदि) तथा गैरसरकारी संस्था, विकास साझेदारसंग सम्पर्क, सहयोग, सञ्चार तथा समन्वय,
३. मन्त्रालयको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा जनशक्ति विकास नीति, योजना तथा कार्यान्वय, क्षमता विकासका श्रोत सामाग्री विकास सम्बन्धी कार्य,
४. स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य ।

## ख) स्रोत परिचालन समन्वय शाखा

१. स्थानीय राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
२. स्थानीय तहको आन्तरिक श्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय सम्बन्धी कार्य,
३. स्थानीय राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन सम्बन्धी कार्य,

४. स्थानीय राजस्व सूचना तथा तथ्यांक आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन सम्बन्धी कार्य,
५. स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण,
६. स्थानीय तहको राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार सम्बन्धी कार्य,
७. राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान सम्बन्धी कार्य,
८. स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय सम्बन्धी कार्य,
९. स्थानीय राजस्वको मुल्याङ्कनसम्बन्धी कार्य,
१०. स्थानीय तहको प्राकृतिक श्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय सम्बन्धी कार्य,
११. स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य,
१२.राष्ट्रिय प्राकृतिकश्रोत तथा वित्त आयोगको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

(ग) सूचना तथा प्रविधि शाखा

सूचना तथा सुशासन ईकाइः

१. सूचना अधिकारीको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने सम्बन्धी कार्य,
२. सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
३. स्थानीय तहको सफल अभ्यासहरुको प्रचार प्रसार र प्रकाशन गर्ने,
४. सुशासन प्रवर्द्धन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य,
५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सूचना आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रको सम्पर्क ईकाईको रुपमा कार्य गर्ने,
६. संसद रिपोर्टिङ्ग सम्बन्धी कार्य ।
७. कर्मचारीहरुको विभागीय कारवाही तथा दण्ड सजाय सम्बन्धी कार्य ।

सूचना प्रविधि ईकाईः

१. विद्युतीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा प्रणालीको विकास र प्रवर्द्धन एवं समन्वय सम्बन्धी कार्य,
२. केन्द्र तथा स्थानीय तहमा सूचना प्रणाली सम्बन्धी कार्यको परामर्श तथा समन्वय गर्ने कार्य,
३. भौगोलिक सूचना प्रणाली सम्वन्धी कार्य,
४. वेवसाइट व्यवस्थापन र सञ्चार प्रविधिसंग सम्बन्धित कार्य

४. कर्मचारी प्रशासन महाशाखा

१. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरुको संचालन,
२. संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
३. निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण तयारी तथा अद्यावधिक,

४. संघीय निजामती कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा,
५. संघीयनिजामती कर्मचारीहरुको पुरस्कार र दण्डसम्वन्धी कार्य,
६. कानूनी राय/परामर्श, आदेश तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य,
७. बढुवा समितिको सचिवालय सम्वन्धी कार्य,
८. संघीय निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
९. प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
१०.आर्थिक प्रशासन तथा वेरुजु सम्बन्धी कार्य,
११.आन्तरिक तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य,
१२.नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरुको अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी कार्य,
१३.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
- प्रशासकीय अदालत
- निजामती कितावखाना
१४.अन्य महाशाखामा उल्लेख नभएका तथा तोकिए बमोजिमका अन्य कार्य ।

## क. संघीय र प्रादेशिक कर्मचारी प्रशासन शाखा

१. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाका कर्मचारी प्रशासन सम्वन्धी कार्य सम्पादन गर्ने,
२. बढुवाको लागि सिफारिश भएका कर्मचारीका बढुवा, नियुक्ति र पदस्थापन सम्वन्धी कार्य गर्ने,
३. निजामती कर्मचारी प्रशासन सम्वन्धमा अपनाउने नीति निर्धारण सम्वन्धी कार्य गर्ने,
४. लोक सेवा अयोगवाट सिफारिस भै आएका उम्मेदवारहरुको नियुक्ति र पदस्थापना सम्वन्धी गर्ने,
५. फाजिल तथाअतिरिक्त समूहमा रहेका कर्मचारीहरुको व्यवस्थापन सम्वन्धी कार्य,
६. निजामती सेवाका कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा, सरुवा सहमती, काज र नियुक्ति सिफारिश सम्वनधी कार्य,
७. निजामती कर्मचारीहरुको विभागीय सजाय तथा दण्ड सम्बन्धी कार्य,
८. निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह, उपसमूह परिवर्तन सम्वन्धी सिफारिश लोक सेवा आयोगमा पठाउने,
९. कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको कम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्बन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने।
१०. प्रशासकीय अदालतको सम्पर्क शाखाको रुपमा कार्य गर्ने।

## ख. स्थानीय तह कर्मचारी प्रशासन शाखा

१. स्थानीय तहमा नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल समूह, विविध सेवा तथा यी अन्तरगतका समूह तथा उपसमूहहरुको सञ्चालन सम्बन्धी कार्य,

२. यस मन्त्रालयले सेवा समूह सञ्चालन गर्ने स्थानीय तहमा खटिएका र खटिने प्राविधिक कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

३. स्थानीय तहमा बढुवाको लागि सिफारिश भएका कर्मचारीका बढुवा नियुक्ति र पदस्थापन सम्वन्धी कार्य गर्ने,

४. स्थानीय तहमा निजामती कर्मचारी प्रशासन सम्वन्धमा अपनाउने नीति निर्धारण सम्वन्धी कार्य गर्ने,

५. लोक सेवा आयोगवाट सिफारिस भै आएका उम्मेदवारहरुका स्थानीय तहमा नियुक्ति र पदस्थापना सम्वन्धी कार्य गर्ने,

६. स्थानीय तहमा फाजिलमा रहेका कर्मचारीहरुको व्यवस्थापन गर्ने,

७. स्थानीय तहमा निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह, उपसमूह परिवर्तन सम्बन्धी सिफारिश लोक सेवा आयोगमा पठाउने,

८. स्थानीय तहहरुमा कर्मचारी पुग नपुगको अवस्था यकिन गरी नपुग कर्मचारी खटाउने,

९. स्थानीय तहहरुबाट कर्मचारी प्रशासन सम्बन्धी राय माय भएमा पेश गरी निर्णयानुसार राय पठाउने,

१०.सबै स्थानीय तहहरुलाई कर्मचारी विवरण अद्यावधिक गर्न लगाई सोको अभिलेख व्यवस्थापन गर्ने,

११.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको कम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धानआदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

## ग. बढुवा व्यवस्था शाखा

१. निजामती सेवाका कर्मचारीहरुको बढुवा समितिको सचिवालयको रुपमा कार्य समपादन गर्ने,

२. निजामती सेवाका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फारमहरुको संकलन,विशलेषण तथा आवश्यकता अनुसार प्रमाणिकरण गर्न्ने,

३. नि.से.नि. वमोजिम तोकिएको आधारमा बढुवाको लागि कर्मचारीहरुको योग्यताक्रमका लागि आवश्यक मूल्यांकन गरी बढुवाको प्राथमिकताक्रम निर्धारण गर्ने,

४. बढुवा समितिवाट बढुवाको लागि सिफारिश भएका कर्मचारीहरुको नाम प्रकाशित गर्ने,

५. बढुवा सिफारिश उपर परेका उजुरी सम्वन्धमा लोक सेवा आयोगवाट माग भई आएकोमा प्रतिक्रिया पठाउने,

६. बढुवा सम्वन्धी परेका उजुरी÷मुद्दाका सम्वन्धमा अदालतमा राय,जवाफ,प्रतिक्रिया पठाउने,

७. बढुवा हुने कर्मचारीहरुको नियुक्तिका लायिग पत्राचार गर्ने,

८. बढुवा सम्वन्धी मामलामा राय परामर्श दिने,

९. सम्वद्धता निर्धारण सम्वन्धी कार्य गर्ने

१०.समयमा कार्य सम्पादन मूल्याकन भर्न छुट भएका कर्मचारीको कार्य सम्पादन मूल्याकन भर्न सहमति दिने सम्बन्धी कार्य,

## (घ) आर्थिक प्रशासन शाखा

१. विनियोजन,धरौटी राजश्वको लेखा अद्यावधिक गर्ने र सम्बन्धित कागजात सुरक्षित राख्ने,

२. मन्त्रालयको स्वीकृत बजेट निकासा प्राप्त गर्ने,

३. लेखापरीक्षण गराउने,पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउनेसम्बन्धी कार्य,

४. मातहतका निकायलाई अख्तियारी र निकासा दिने,
५. आवश्यक प्रतिवेदन फाराम तयार गराई सम्बन्धित निकायमा पठाउने,
६. प्रचलित आर्थिक कानूनद्धारा निर्दिष्ट कार्य ।
७. मन्त्रालयको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा योजना तथा अनुगमन शाखासंग समन्वय र अन्य शाखासंग समन्वय गरी आवश्यक कार्य गर्ने,
८. स्थानीय तहलाई पठाइने अनुदानको अख्तियारी सम्बन्धी कार्य,
९. स्थानीय तहको कानून बमोजिम लेखापरीक्षणमा सहजिकरण गरी बेरुजु उपर मन्त्रालयको निर्देशन पठाउने,
१०.मन्त्रालयको वार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य,
११.शाखाहरूलाई लजिष्टिक सपोर्टको लागि बजेट व्यवस्था सम्बन्धी कार्य,
१२.स्थानीय तहको लेखापरीक्षणको मापदण्ड कार्यान्वयनमा सहयोग ।

## (ङ) आन्तरिक व्यवस्थापन शाखा

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायहरुका कर्मचारीहरुको कर्मचारी प्रशासन सम्वन्धी कार्य,
२. मन्त्रालयको भवन, मेशिनरी लगायत सबै साधनको मर्मत, संचार, लिलाम, मिनाहा र कार्यालय सरसफाई सम्वन्धी कार्य,
३. मन्त्रालय र अन्तर्गतका सामाग्रीहरूको खरिद, भण्डारण र व्यवस्थापन सम्वन्धी कार्य ।
४. मन्त्रालयको खरिद इकाई सम्बन्धी कार्य ।
५. अन्तरराष्ट्रिय सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरुको व्यवस्थापन सम्बन्धी कार्य,
६. कर्मचारी बैठक सम्वन्धी कार्य,
७. मन्त्रालयको आन्तरिक बजेट व्यवस्थापन सम्वन्धी कार्य,
८. मन्त्रालयको मूल दर्ता चलानी, जनसम्पर्क सम्बन्धी कार्य,
९. सवारीसाधनहरुको व्यवस्था सम्वन्धी कार्य,
१०.मन्त्रालयका मन्त्री र सचिवको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य,
११.मन्त्रालय,आयोजनाको जिन्सी निरीक्षण,प्रतिबेदन तयार तथा नियमानुसार कागज धुल्याउने कार्य,
१२.अतिरिक्त समूहमा दरवन्दी रही यस मन्त्रालयमा जिम्मेवारी तोकिएका कर्मचारीहरुको व्यवस्थापन गर्ने,
१३.स्थानीय तहका कर्मचारीका सम्पत्ति विवरण सम्बन्धी कार्य,
१४.स्थानीय तहको चल अचल सम्पत्ति व्यवस्थापनमा सहजिकरण सम्बन्धी कार्य,
१५.मन्त्रालय र अन्तरगत आयोजनाहरुमा आवश्यक अस्थायी दरवन्दी सृजना गरी स्वीकृत गर्ने सम्बन्धी कार्य,
१६.मन्त्रालय र अन्तरगत कर्मचारीहरुको कार्यसम्पादन मूल्याकन सम्बन्धी कार्य,
१७.मन्त्रालय वा अन्तरगतका निजामती कर्मचारीहरुको पुरस्कार सम्वन्धी कार्य गर्ने,
१८.मन्त्रालय अन्तर्गत राजपत्र अनङ्कित पदहरु लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,
१९.पुस्तकालय व्यवस्थापन सम्वन्धी कार्य,
२०.निजामती किताबखानाको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
२१.अन्य शाखामा नतोकिएका कार्यहरु।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

## (च) कानून तथा फैसला कार्यान्वयन शाखा

१. मन्त्रालय र अन्तरगत निकायहरुका लागि आवश्यक ऐन, नियम तर्जुमा र संशोधन सम्बन्धी कार्य ।
२. स्थानीय तहको नमुना कानुन मापदण्ड र ढाँचा सम्बन्धी विषयमा राय सम्बन्धी कार्य ।
३. मन्त्रालय र अन्तरगत निकायलाई कानूनी राय र परामर्श उपलब्धग राउने सम्बन्धी कार्य ।
४. नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना सम्बन्धी कार्य ।
५. मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, करार, समझदारीपत्र समेतका विषयमा कानूनी राय उपलब्ध गराउने सम्बन्धी कार्य ।
६. मन्त्रालयको तर्फबाट फिराद्पत्र, प्रतिउत्तरपत्र, रिटनिवेदन, लिखितजवाफ, पुनरावेदनपत्र तयार गरी सम्बन्धित निकायमा पठाउने कार्य ।
७. मन्त्रालयसँग सम्बन्धित अदालती फैसलाको अभिलेखतथा कार्यान्वयन सम्बन्धी कार्य ।

## ५. संगठन विकास शाखा

१. कर्मचारी समायोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने,
२. अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संचना समितिको सचिवालयको रुपमा कार्य गर्ने
३. नेपाल सरकारको कार्यालयहरुको संगठन तथा कार्यविधिमा प्रभावकारिता ल्याउन आवश्यकता अनुसार अध्ययन गरी प्रतिवेदन तयारी गरी कार्यान्वयन गर्ने,
४. केन्द्रीय संगठन दिग्दर्शन एवं पद व्यवस्था निर्देशिका सम्बन्धी कार्य
५. केन्द्रीय संगठन तालिका अद्यावधिक गरी प्रकाशन सम्बन्धी कार्य
६. नेपाल सरकारका मन्त्रालय, विभाग लगायतका निकायहरुका साथै इकाइस्तरका संगठनहरुको संगठनात्मक सुधार सम्बन्धी कार्य गर्ने,
७. संगठन तथा व्यवस्थापन सम्बन्धी राय परामर्श सम्बन्धी कार्य,
८. नेपाल सरकार तथा संवैधानिक अंगहरुका लागि आवश्यक दरवन्दीहरु सृजना तथा खारेज गर्न मन्त्रालय तहवाट सहमति तथा स्वीकृति दिन कारवाही गर्ने,
९. विभिन्न सरकारी निकायहरुको लागि मौजुदा स्थायी दरवन्दी सम्वन्धी नीति तथा आधार तैयार गर्ने,
१०.निजामती सेवाका पद तथा पदाधिकारीहरुको सेवा÷समुह निर्धारण गर्ने,
११.सेवा,समुह विभाजनको कार्यमा सुधारको लागि आवश्यक अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने,
१२.आवश्यकता अनुसार नयाँ सेवा÷समुहहरुको गठन र अनावश्यक सेवा÷समुहहरुको खारेज गर्ने सम्वन्धमा सुझाव दिने,
१३.निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण सम्बन्धित मन्त्रालयवाट तयार गराई अद्यावधिक गर्ने,
१४.कार्यालयको नाम परिवर्तन सम्वन्धी कार्य,
१५.विशेष पद र विशेषज्ञ पद लगायत निजामती सेवाका अन्य विविध पदहरु सृजना र खारेज सम्वन्धमा कारवाही गर्ने,
१६.पद नाम निर्धारण गर्ने र परिवर्तन गर्न सिफारिस सम्बन्धी कार्य,
१७.विभिन्न सेवा, समुह संचालन गर्ने मन्त्रालय विच समन्वय गर्ने गराउने कार्य,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

१८.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान, आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्वोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

१९.नेपाल सरकारवाट संचालित अस्थायी प्रकृतिका आयोजनाहरुमा आवश्यक अस्थायी दरवन्दी सृजना गर्न वैठकमा भाग लिने,

## ६. प्रशासन सुधार, जनशक्ति, योजना तथा विकास महाशाखा

१. राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,

२. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,

३. सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,

४. प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,

५. कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्वन्धी कार्य,

६. व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,

७. प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वियन

८. संघीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,

९. स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालिम सम्बन्धी कार्य,

१०. नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वियनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,

११. संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,

१२. राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने

१३. देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
- निजामती अस्पताल
- कर्मचारी तालिम प्रतिष्ठान

## क. जनशक्ति योजना तथा विकास शाखा

१. संसद सेवा, स्वास्थ्य सेवा र न्याय सेवा बाहेकका सेवाहरुमा रिक्त रहेका राजपत्रांकित पदहरुको लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,

२. जनशक्ति विकासको लागि स्वदेशी तथा वैदेशिक अध्ययन,तालीम सम्बन्धी छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य गर्ने,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. निजामती सेवाका कर्मचारीहरुलाई तालीमको आवश्यकता सम्वनधी सर्वेक्षण र अध्ययन,

४. नेपाल सरकारका विभिन्न सेवाका कर्मचारीहरुलाई विभिन्न तालीम संस्थाहरु मार्फत सेवा प्रवेश र सेवाकालीन तालीमको प्रवन्ध गर्ने,

५. नेपाल सरकारका विभिन्न निकायहरुबाट संचालित तालिम सम्बन्धी आवश्यक योजना कार्यक्रम तथा प्रशिक्षण विधि र पाठ्यक्रमसँग सम्बन्धित नीति निर्धारण,

६. कर्मचारीहरुको बृत्ति विकास सम्वन्धी अध्ययन, अनुसन्धान र सुझाव सम्वन्धी कार्यहरु,

७. निजामती सेवाका लागि आवधिक रुपमा जनशक्ति योजना तर्जुमा र विकास सम्वनधी कार्यहरु,

८. नेपाल सरकारका विभिन्न निकायहरुवाट संचालित तालीम कार्यक्रमहरुको बीच समन्वय र अनुगमन,

९. विभिन्न तालिम संस्थाहरुवाट संचालित तालीम कार्यक्रमहरुको स्तर निर्धारण,

१०.राष्ट्रिय तालिम नीति सम्बन्धी कार्यहरु,

११.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय स्तरमा अध्ययन/तालिममा जान मनोनयन,पूर्व स्वीकृति र विदा सिफारिश सम्वन्धी कार्य,

१२.कुनै पनि समुह वा पदको लागि आवश्यक न्यूनतम शैक्षिक योगयता र पाठ्यक्रम सम्बन्धी लोक सेवा आयोगमा परामर्श उपलव्ध गराउने,

१३.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने,

## ख. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

१. नेपाल सरकारका विभिन्न निकायहरुको आकस्मिक तथा नियमित व्यवस्थापन परीक्षण गरी प्रतिवेदन तयार गर्ने,

२. नेपाल सरकारका विभिन्न निकायहरुको सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्ने,

३. निजामती सेवा ऐन तथा नियमावली बमोजिम अध्ययन, अध्यापन, लेखापरीक्षण व्यवसाय लगायतमा काम गर्न विभागीय स्वीकृति दिने,

४. कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्बन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने,

५. उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको सचिवालयको रुपमा काम गर्ने,

६. शासकिय सुधार तथा प्रशासन सुधार सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

७. प्रशासन सुधार सम्वन्धी अध्ययन, अनुसन्धानतथा मन्त्रालयबाट हुने प्रकाशन सम्बन्धी कार्य ( प्रशासन पत्रिका, स्वशासन,शासकीय खबर पत्रिका आदि)

८. निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन लगायत संघ संस्थाहरु सम्वन्धी कार्यहरु गर्ने,

९. तलव भत्ता पुनरावलोकन समिति सम्बन्धी सचिवालयको रुपमा कार्य गर्ने,

१०.निजामती सेवामा समावेशीकरण सम्ब्न्धी कार्य गर्ने,

११.निजामती सेवा सम्बन्धी अन्तरराष्ट्रिय सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

१२.नमुना कार्यालय सम्बन्धी कार्य,
१३.व्यवस्थापन परिक्षणसम्बन्धी कार्य,
१४.एकीकृत घुम्ती सेवा संचालन सम्बन्धी कार्य,

### ग. कर्मचारी कल्याण शाखा

१. निजामती कर्मचारीहरुको सुविधा एवं कल्याण सम्बन्धमा नीति कानून योजना कार्यक्रम तथा कार्यान्वयन सम्बन्धी कार्य र सो को अध्ययन, अनुसन्धान
२. निजामती कर्मचारीले पाउने सुविधा र सहुलियत सम्बन्धमा मन्त्रालयको प्रतिनिधित्व तथा राय सम्बन्धी कार्य
३. औषधि उपचारको थप आर्थिक सहायता दिने कारवाही गर्ने,
४. निजामती कर्मचारी सन्तति छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य,
५. निजामती कर्मचारीको स्वास्थ्य बीमा सम्बन्धी कार्य गर्ने,
६. सेवा निवृत कर्मचारीको हक हित सम्बन्धी कार्य गर्ने,
७. निजामती कर्मचारीलाई दिइने पुरस्कार सम्बन्धी कार्य,
८. निजामती कर्मचारी अस्पतालको सम्पर्क शाखा
९. निजामती कर्मचारी आवासीय विध्यालय र निजामती कर्मचारी आवास सम्बन्धी कार्य
१०. एकीकृत परिवहन सेवाको समन्वय, संचालन र व्यवस्थापन सम्बन्धि कार्य गर्ने।

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरुबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्वको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय महाशाखा शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण बुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम, आयोग, प्रतिष्ठान, समिति र संघ संस्थाको नाम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव | श्री विनोद प्रकाश सिंह |
| १ | सङ्घीय मामिला महाशाखा | सहसचिव | डा. नारायण रेग्मी |
| | ▪ सङ्घीय मामिला शाखा | उपसचिव | श्री राकेश पाण्डे |
| | ▪ स्थानीयतह समन्वय शाखा | उपसचिव | श्री रेशम कँडेल |

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | ▪ सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | उपसचिव | श्री दशरथराम ओड |
| | ▪ संगठन विकास शाखा | उपसचिव | श्री रुपनारायण खतिवडा |
| २ | कर्मचारी प्रशासन महाशाखा | सहसचिव | श्री सुमन दाहाल |
| | ▪ संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री रामदत्त पाण्डेय |
| | ▪ स्थानीय तह कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री भोजराज घिमिरे |
| | ▪ आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री बैकुण्ठ प्रसाद सापकोटा |
| | ▪ बढुवा शाखा | उपसचिव | श्री कबिन्द्र नेपाल |
| | ▪ कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव(कानून) | श्री टंक महत |
| | ▪ आर्थिक प्रशासन शाखा | उपसचिव(लेखा) | श्री रोमाकान्त काफ्ले |
| ३ | योजना तथा विकास सहायता समन्वय महाशाखा | सहसचिव | श्री कमल प्रसाद भट्टराई |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री जनकराज शर्मा |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री महेन्द्र सापकोटा |
| | ▪ वातावरण तथा विपद व्यवस्थापन शाखा | उपसचिव | श्री ऋषिराज आचार्य |
| ४ | स्थानीय तह क्षमता विकास महाशाखा | सहसचिव | श्री रामकुमार महतो |
| | ▪ स्थानीय तह क्षमता विकास शाखा | उपसचिव | श्री आरती न्यौपाने |
| | ▪ सूचना तथा प्रविधि शाखा | उपसचिव | श्री अश्विन कुमार पोखरेल |
| | ▪ स्रोत परिचालन समन्वय शाखा | उपसचिव | श्री राजेश गौतम |
| ५ | प्रशासन सुधार, जनशक्ति, योजना तथा विकास महाशाखा | सहसचिव | श्री नारायण प्रसाद अर्याल |
| | ▪ जनशक्ति योजना तथा विकास शाखा | उपसचिव | श्री रामुराज कडरिया |
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री खिलराज राई |
| | ▪ कर्मचारी कल्याण शाखा | उपसचिव | श्री हरि प्रसाद ज्ञवाली |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | निर्देशक | श्री भुपेन्द्र सापकोटा |
| ८ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री कानुन लाल चौधरी |
| ९ | राष्ट्रिय किताबखाना (निजामती) | उपमहानिर्देशक | श्री सुशीला अर्याल |

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| १० | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | डा. राजन खनाल |
| ११ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | डा. विधान निधि पौडेल |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ६(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### ६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अबधिभित्र र अन्य बिशेष कानूनले अबधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महांशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव विनोद प्रकाश सिंह

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### १. संघीय मामिला शाखा

- संघीयता कार्यान्वयनमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य ३ वटा स्थानीय तहहरुमा सम्पन्न गरिएको ।
- विषयक्षेत्रगत मन्त्रालय र संघीय शासनका विज्ञ समेतको सहभागितामा सरोकारवालाहरु सँग अन्तरकृया कार्यक्रम प्रथम संवाद श्रृंखला सम्पन्न भएको ।
- स्थानीय तहको संक्षिप्त परिचय अद्यावधिक र प्रकाशन गर्ने कार्य प्रकृयामा रहेको ।

### २.स्थानीय तह समन्वय शाखा

- हरेक वडामा जनगुनासो सुनुवाई केन्द्र र मोवाइल गभर्नेन्स सम्बन्धी व्यवस्था मिलाउन समन्वय सम्बन्धी परिपत्र गरिएको ।
- स्थानीय तहका लागि आवश्यक पर्ने तथा संशोधन गर्नुपर्ने कार्यविधि तथा निर्देशिकाको पहिचान गरिएको ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३.सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

- विभिन्न आयोग, प्रतिष्ठान र समितिहरु (मधेशी आयोग, दलित आयोग, समावेशी आयोग लगायतका संवैधानिक आयोग तथा वादी समुदाय उत्थान विकास समिति, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगायतका निकायहरुसँग अन्तरक्रिया, समन्वय र सहजीकरण सम्बन्धी २ पटक कार्यक्रम सञ्चालन गरिएको ।

## ४.स्थानीय तह कर्मचारी प्रशासन शाखा

- कामकाज/पदस्थापन/सरुवाः
  - उपसचिव – २०३
  - शाखा अधिकृत – ४४९
- आर्थिक तथा प्रशासनिक जिम्मेवारी – ४३
- सरुवा व्यवस्थापनका लागि आवश्यक तथ्याङ्क संकलन, प्रशोधन, अभिलेखन तथा व्यवस्थापन लगायतका कार्यहरु भएको ।
- खटाएका कर्मचारी र कार्यालयको विवरण अद्यावधिक गरी Digitized गरिएको ।
- ३ (तीन) वटै तहका कार्यालयहरुमा कार्यरत कर्मचारीसँग सम्बन्धित गुनासो, पीर मर्का संकलन तथा सम्बोधन सम्बन्धी कार्यहरु गरिएको ।
- स्थानीय तहहरुमा कर्मचारी व्यवस्थापनका लागि प्राप्त निवेदन संकलन गरिएको ।

## ५.आन्तरिक व्यवस्थापन शाखा

- कम्प्युटर, प्रिन्टर, फोटोकपि मेशिन लगायतको सामानहरुको मर्मत सेवा करारमा लिने सम्बन्धी शिलबन्दी कोटेशनको सूचना प्रकाशन भइ प्राप्त कोटेशनको मूल्याङ्कनको चरणमा रहेको । बिजुली, टेलिफोन, भ्याकुम क्लिनर, ए.सि. लगायतको सामानहरुको मर्मत सेवा करारमा लिने सम्बन्धी शिलबन्दी कोटेशनको सूचना प्रकाशन भइ प्राप्त कोटेशनको मूल्याङ्कनको चरणमा रहेको ।
- मन्त्रालय परिसर सरसफाइ सम्बन्धी सेवा करारमा लिने कामको बोलपत्र आब्हानको सूचना प्रकाशन भइ प्राप्त भएका बोलपत्रहरुको मूल्याङ्कनको चरणमा रहेको ।
- कार्यालय सामान सप्लाई सम्बन्धी कामको बोलपत्र आब्हानको सूचना प्रकाशन भइ प्राप्त भएका बोलपत्रहरुको मूल्याङ्कनको चरणमा रहेको ।
- जिन्सी निरीक्षणको लागि समिति गठन भइ समितिका पदाधिकारीहरुलाई जिम्मेवारी तोकि सो कार्य सम्पन्न भइसकेको ।
- मन्त्रालय र अन्तर्गतको निकायहरुमा कार्यरत कर्मचारीहरुको आ.व. २०७९/८० को वार्षिक का.स.मु. फारम मूल्याङ्कन गरी लोक सेवा आयोगमा पठाउने कार्य सम्पन्न भइसकेको ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- मन्त्रालय अन्तर्गतका आयोजना/कार्यक्रम/कार्यालयहरुको आ.व. २०८०/८१ का लागि आयोजना तथा कार्यक्रमहरुको लागि आवश्यक पर्ने अस्थायी दरबन्दी सृजना गर्ने स्वीकृतिका लागि प्रस्ताव पेश गरी स्वीकृत समेत भइसकेको ।
- अनिवार्य अवकाश, राजिनामा स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव पेश गरी स्वीकृत समेत भइसकेको ।
- संविधान दिवस र निजामती सेवा दिवसको व्यवस्थापन सम्बन्धी काम सम्पन्न भएको ।

## ६. कानून तथा फैसला कार्यान्वयन शाखा

| शिर्षक | महिना | | | जम्मा |
|---|---|---|---|---|
| | २०८० श्रावण | २०८० भाद्र | २०८० आश्विन | |
| लिखित जवाफ | २४ | २१ | ३२ | ७७ |
| राय | ६२ | २४ | २३ | १०९ |
| राजपत्रमा प्रकाशनको लागि पठाइएको | - | - | - | - |
| आदेश कार्यान्वयन | ९ | ११ | ६ | २६ |
| कुल जम्मा | | | | २१२ |

## ७. बढुवा शाखा

- बढुवा सिफारिस सम्बन्धी विवरण देहाय बमोजिम रहेको

| सि. नं. | बढुवा सिफारिस भएको श्रेणी | माग संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | राजपत्राङ्कित विशिष्ट (नेपाल लेखापरीक्षण सेवाको समूहीकरण तर्फ) | १ | १ | सम्भाव्य उम्मेदवार एक जना मात्र रहेको । |
| २ | राजपत्रांकित विशिष्ट (नेपाल प्रशासन सेवा समूहीकरण तर्फ) | १ | ३ | |
| ३ | राजपत्राङ्कित विशिष्ट (नेपाल इन्जिनियरिङ्ग सेवा समूहीकरण तर्फ) | १ | ३ | |

- मकवानपुर, नुवाकोट र डोल्पा जिल्ला स्थित बढुवा समिति सचिवालय अनुगमन गरिएको ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- विभिन्न मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरुबाट प्राप्त चालु आ.व. २०७९/८० का कार्यसम्पादन मूल्याङ्कन फारामहरु व्यवस्थापन गर्ने कार्य नियमित रुपमा भइरहेको ।

## ८. योजना तथा अनुगमन शाखा

- आ.व. ०७९/८० को चौथो त्रैमासिक एवम् वार्षिक प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको ।
- आ.व. ०७९/८० मा यस मन्त्रालय र अन्तर्गत सञ्चालित कार्यक्रमहरुको वार्षिक प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाइएको ।
- आ.व. ०८०/८१ को नीति तथा कार्यक्रम एवम् वजेट कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Online मा मासिक रुपमा प्रविष्टि गरिएको ।
- आ.व. ०८०/८१ को कार्यसम्पादन सूचक तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको । संविधानको धारा ५३ वमोजिमको नेपाल सरकारको वार्षिक प्रगति प्रतिवेदन तयारीका लागि मन्त्रालयसँग सम्वन्धित विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
- स्थानीय तहको कार्यसम्पादन सहजिकरणका लागि प्रदेशगत कार्यटोली गठन गरी सो को जानकारी सबै महाशाखाहरुलाई गराईएको । हालसम्म २ वटा स्थानीय तहको कार्यसम्पादन सहजिकरण गरिएको ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको वजेट खर्चशीर्षकगत बाँडफाँट गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइएको।
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आवश्यक परिमार्जन गरिएको ।
- विभिन्न महाशाखा/शाखाबाट यस शाखाको राय माग भइ आएको फाइल उपर राय/सहमति प्रदान गरिएको ।

## ९. वातावरण तथा विपद् व्यवस्थापन शाखा

- "निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) ऐन, २०८० को विधयेक मस्यौदा निर्माण गरी संसदमा दर्ता गर्न नेपाल सरकार म.प. बाट स्वीकृत प्राप्त भएको ।
- फोहरमैला व्यवस्थापन ऐन २०८० को मस्यौदा निर्माण गरि उपत्यकाका पालिकाहरुसंग अन्तरकृया /छलफल कार्यक्रम संचालन गरी राय सुझाव प्राप्त गरिएको ।
- फोहरमैला व्यवस्थापन ऐन २०८० को मस्यौदा निर्माण गरि लुम्बिनी प्रदेश स्तरीय (प्रदेश सरकार र पालिकाहरु संग) अन्तरकृया /छलफल कार्यक्रम संचालन गरी राय सुझाव प्राप्त गरिएको ।
- विभिन्न आठ वटा नगरपालिका तथा गाउँपालिकाहरुबाट माग भएको सरकारी वनको भोगाअधिकार/ प्रयोगका लागि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न राष्ट्रिय योजना आयोगमा पत्राचार गरिएको ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- विभिन्न छ वटा नगरपालिका तथा गाउँपालिकाहरुबाट माग भएको सरकारी वनको भोगाअधिकार/ प्रयोगका लागि राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गरी वन तथा वातावरण मन्त्रालयमा पत्राचार गरिएको
- मिति २०८०/६/१६ गते बझाङ्ग केन्द्र बिन्दु भई गएको भूकम्प र त्यस पछिका पराकम्पनबाट क्षति भएका सुदुरपश्चिम प्रदेशमा शीघ्र सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रम संचालन गर्न CBDRM Platform को बैठक बसी विकास साझेदार तथा राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था परिचालन गर्ने समझदारी निर्माण गरिएको

## १०. विकास सहायता समन्वय शाखा

- साना विकास परियोजना अर्न्तगत बिभिन्न स्थानीय तहबाट प्राप्त परियोजनाहरुको अध्ययन गरी अर्थ मन्त्रालयमा सिफारिस गरिएको।
- Korea International Cooperation Agency (KOICA), Japan International Cooperation Agency, Australian Volunters र Peace Corps मार्फत विभीन्न स्थानीय तहहरुमा स्वयंसेवक परिचालनका सम्बन्धमा आवश्यक सहजीकरण र समन्वयको कार्य।
- स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी कार्यविधी परिमार्जनको लागि कार्यदल गठन गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको ।
- विभिन्न स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमणको लागि आवश्यक समन्वय तथा सहजीकरण गरिएको।
- विभिन्न स्थानीय तहले अन्य देशका स्थानीय तहसँग स्थापना गर्ने भगिनी सम्बन्धको लागि आवश्यक समन्वय तथा सहजीकरण गरिएको ।
- वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा स्थानीय तह पूर्वाधार विकासका लागि दातृ निकायसँग नियमित रुपमा समन्वय गरिएको।
- माननीय मन्त्रीज्यूको विभिन्न नेपाल स्थित राजदूतावासका राजदूतहरु द्वारा शिष्टाचार भेटघाटको क्रममा आवश्यक समन्वय तथा सहजीकरण ।

## ११. श्रोत परिचालन समन्वय शाखा

- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० स्वीकृतको लागि पेश गरिएको ।
- स्थानीय तहको वित्तिय विश्लेषण र प्रकाशनको लागि स्थानीय तहहरुबाट तथ्याङ्क संकलनको काम भइरहेको ।
- शाखावाट चालु आर्थिक बर्षमा हुने कार्यक्रम र कार्ययोजना स्वीकृत भएको ।

## १२. स्थानीय तह क्षमता विकास शाखा

- आ.व. २०८०।८१ को वार्षिक कार्यक्रमहरुको प्रस्ताव स्वीकृत भएको ।



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन
सिंहदरबार, काठमाडौं

- स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकासको क्षेत्र पहिचान अध्ययन, प्रतिवेदन तयारी र प्रकाशन सम्बन्धमा कार्यदल गठन भई प्रक्रिया अगाडि बढेको ।
- स्थानीय तह क्षमता विकास योजना तर्जुमा दिग्दर्शन तयारी, प्रकाशन सम्बन्धमा कार्यदल गठन भई प्रक्रिया अगाडि बढेको ।
- स्थानीय तहको संस्थागत क्षमताको विषयगत क्षेत्र पहिचान एवम् अध्ययन सम्बन्धमा एक स्थानीय तहबाट सुझाव संकलन गरिएको र कार्यदल गठन भई प्रक्रिया अगाडि बढेको ।
- स्थानीय तहमा गठन हुने लेखा समिति, विधायन समिति र सुशासन समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम मोड्यूल तयारी सम्बन्धमा कार्यदल गठन भई प्रक्रिया अगाडि बढेको ।

## १३. सूचना तथा प्रविधि शाखा

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं वार्षिक प्रतिवेदन (आ.व. २०७८/७९) मार्फत विभिन्न कानूनी, नीतिगत र विषयगत निकायहरुसँग सम्बन्धित सुधारात्मक सुझावहरुको सम्बन्धमा यस मन्त्रालयवाट भएका सुझावहरुको कार्यान्वयनको प्रगति विवरण आयोगमा पठाइएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं वार्षिक प्रतिवेदन (आ.व. २०७८/७९) मार्फत विभिन्न कानूनी, नीतिगत र विषयगत निकायहरुसँग सम्बन्धित सुधारात्मक सुझावहरुको सम्बन्धमा स्थानीय तहसंग सम्वन्धित सुझावहरुको कार्यान्वयन प्रगति विवरण स्थानीय तहसंग माग गरी अ.दु.अ.आ. मा पठाइएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सवै मन्त्रालयहरु विच मिति २०७९।४।२४, २५ र २९ गते आयोगमा सम्पन्न भएको अन्तरक्रिया पश्चात मिति २०७९।६।३० गतेको पत्रसाथ प्राप्त ३१ बुँदे सुझावहरुको कार्यान्वयनको प्रगति आयोगमा पठाइएको ।
- सूचनाको हक सम्वन्धी ऐन तथा नियमावली वमोजिम २०८० वैशाख १ देखि २०८० असार मसान्त सम्मको यस मन्त्रालयको प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयको वेभसाईटमा प्रकाशित गरिएको एवं राष्ट्रिय सूचना आयोग र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा समेत पठाइएको ।
- ७ वटा सूचना मागको विवरण निवेदकलाई उपलव्ध गराईएको ।
- उजुरी / गुनासो फछ्र्यौटको अवस्था
  - प्र.म.तथा म.प.को कार्यालय – ११/११
  - अ.दु.अ.आ.. – ६६/६६
  - रा.स.के. – ८/८
  - अन्य - १०/१०
  - हेलो सरकार – १०१/१०१

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- निलम्बन, निलम्बन फुकुवा तथा विभागीय कारवाही सम्वन्धि कार्य समेत निरन्तर भैरहेको ।
- हेलो सरकार ईकाई व्यवस्थापन तथा सहजीकरणको कार्य निरन्तर भइरहेको एवं २०८० आश्विन मसान्त सम्म प्राप्त गुनासो १०१ को कारवाही गरिएको ।
- विद्युतिय हाजिरी सम्बन्धि कार्य निरन्तर भइरहेको ।
- वेवसाईट व्यवस्थापन र सञ्चार प्रविधि सँग सम्बन्धित कार्य नियमित भइरहेको ।
- यस मन्त्रालयको तर्फवाट नेपाल सरकार मन्त्रिपरिषद्मा पठाउनु पर्ने प्रस्ताव सम्बन्धी कार्य नियमित भइरहेको ।
- जिल्ला समन्वय समिति एवम् स्थानीय तहहरुको लागि यस मन्त्रालयबाट प्रदान गरिएको वेव सर्भर र इमेल सेवाका लागि आउने अनुरोधहरुको आवश्यक व्यवस्थापन गरिएको ।
- संसदको अधिवेशन चालु भएको अवस्थामा यस मन्त्रालयसँग सम्बन्धित विषयमा रिपोर्टिङ गरिएको ।
- मन्त्रालयको स्थानीय तहहरुसँग सम्पर्कको रुपमा रहेको Mofaga Portal को कार्य निरन्तर भइरहेको ।

## १४. संगठन विकास शाखा

- आर्थिक बर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ५० मा रहेको व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा मंसिर मसान्तभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्न सम्पूर्ण संघीय मन्त्रालय/निकायहरुलाई पत्राचार गरिएको ।
- बनस्पति विभागको दरवन्दी तेरिजमा छुट भएको पद १ कायम गर्ने सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भई स्वीकृत भएको ।
- ७७ वटै जिल्ला समन्वय समितिको कार्यालयहरुमा रहेका नेपाल इन्जिनियरिङ सेवाको पदको जनरल उपसमूह कायम गर्ने गरी संगठन संरचना र दरवन्दी तेरिज संशोधन गर्ने सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भई स्वीकृत भई आएको।

## १५.जनशक्ति योजना तथा विकास शाखा

- वैदेशिक छात्रवृत्तिको लागि कोटा बाँडफाँट गर्न निजामती सेवा ऐन, २०४९ को दफा ४०(ख) को उपदफा ३ बमोजिमको समितिको ३७० औ देखि ३७६ औं सम्म ७ वटा बैठक सम्पन्न गरी समितिको सचिवालय सम्बन्धी कार्य गरिएको ।
- आ.व. २०८०/८१ मा रा.प. प्रथम, द्वितीय रिक्त दरबन्दीमा पदपूर्तिका लागि माग आकृति फाराम संकलन कार्यलाई वस्तुनिष्ठ र व्यवस्थित बनाई स्वीकृत दरबन्दी, पदपूर्ति र रिक्त पदको विवरण सम्बन्धित सेवा, समूह,



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

उपसमूह सञ्चालन गर्ने निकायले माग गरेको विवरण राष्ट्रिय किताबखाना (निजामती) को विवरणसँग रुजु गर्ने गराउने कार्य गरी लोक सेवा आयोगमा पदपूर्तिका लागि पठाइएको ।

- Senior Executive Development Program (SEDP) कार्यक्रममा रा.प. प्रथम श्रेणीका अधिकृतहरुको मनोनयन भई पत्राचार गरिएको ।
- नेपाल सरकारका विभिन्न मन्त्रालय वा निकायबाट माग भई आए बमोजिम बैदेशिक अध्ययन मनोनयन, अध्ययन बिदा स्वीकृत सम्बन्धमा कार्य गरिएको ।
- विभिन्न विषयमा विभिन्न देशहरुबाट प्राप्त बैदेशिक तालिममा, अध्ययन कार्यक्रममा र कार्यशाला गोष्टीमा मनोनयन गरिएको ।
- रा.प.द्वितीय र तृतीय श्रेणीका कर्मचारीको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्ने सेवाकालीन तालिमको लागि मनोनयन गरी पठाइएको ।
- कर्मचारीको अध्ययन बिदा (तलबी/बेतलबी), असाधारण विदा स्वीकृत भई पत्राचार गरिएको ।
- छात्रवृत्ति प्रस्ताव समितिको कार्यहरु निरन्तर, व्यवस्थित र मर्यादित रुपमा सम्पन्न गरिएको ।

## १६. कर्मचारी कल्याण शाखा

- विभिन्न जिल्लामा रहेका विश्वविद्यालय अन्तर्गत क्याम्पसमा छात्रवृत्ति पाएर अध्ययन गरिरहेका कर्मचारीका सन्तत्ति विद्यार्थीहरुको अनुगमन गरिएको ।
- निजामती सेवा दिवसको अवसरमा निजामती कर्मचारीहरुको सुविधा एवम् कल्याण सम्बन्धी विषयमा मन्त्रालयस्तरमा सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- उत्कृष्ठ निजामती सेवा पुरस्कार १० जनालाई र निजामती सेवा पुरस्कार ३० जनालाई प्रदान गर्ने घोषणा भएको ।
- २०८० भाद्र २२ गतेको दिन निजामती सेवा दिवस विभिन्न कार्यक्रम सहित सम्पन्न भएको ।

## १७. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

- व्यवस्थापन परीक्षण तर्फ,
    - आर्थिक वर्ष २०७८/७९ मा गरिएको सबै २१ वटा मन्त्रालयको व्यवस्थापन परीक्षण प्रतिवेदन हस्तान्तरण गरिएको,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- आर्थिक वर्ष २०७९/८० को राष्ट्रिय किताबखाना (निजामती) मा व्यवस्थापन परीक्षण प्रारम्भ गरिएको र स्टाफ कलेज तथा निजामती अस्पतालको व्यवस्थापन परीक्षण (स्वमूल्याङ्कन) गर्न लेखि पठाइएको,
- आर्थिक वर्ष २०८०/८१ मा आ.व. २०७९/८० को १५ ओटा सङ्घीय निकायको व्यवस्थापन परीक्षण गर्न पत्राचार गरिएको। प्रशासन सुधारका लागि विभिन्न मन्त्रालयको प्रशासन महाशाखामा कार्यरत सहसचिवहरुसँग अन्तरसम्वाद कार्यक्रम मिति २०८० भाद्र २९ गते सम्पन्न गरिएको।

➢ प्रशासन जर्नलको १३८ औं अङ्कको लागि २०८० असोज मसान्तसम्मको समय दिई लेख/रचना माग गरिएको।

➢ पाल्पा र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका विभिन्न ८ ओटा कार्यालयहरुमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको।

➢ पाल्पा जिल्लामा संघ, प्रदेश र स्थानीय तहमा व्यवस्थापन परीक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

## १८.प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

➢ यस मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको राष्ट्रिय निर्देशक समिति (NSC) को बैठक यही २०८०।६।२६ गते यस कार्यक्रमसंगको विदेशी दातृसंस्था लगायतका कार्यक्रमसंग सम्बन्धित विभिन्न Stakeholders हरूसंग बसी सम्पन्न गरिएको ।

➢ यस कार्यक्रमको गत आ.व. २०७९/८० को कार्य प्रगति तथा चालु आ.व. २०८०/८१ को कार्यक्रम कार्यान्वय कार्ययोजना सम्बन्धी कार्यशाला तथा Team Building कार्यक्रम मिति २०८०/४/१० देखि १२ गतेसम्म लुम्बिनीमा सम्पन्न भएको । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको राष्ट्रिय कार्यकारिणी समितिबाट तहाँ समन्वय गरी कार्यान्वयन गर्न LMBIS तथा बार्षिक रणनीतिक योजनामा देहायका कृयाकलापहरू स्वीकृत भए अनुसार क्रियाकलाप कार्यान्वयनका लागि Stakeholder हरुसंग आवश्यक कार्यक्षेत्रगत शर्त सहितको अवधारणापत्र, कार्ययोजना उपलव्ध गराउन अनुरोध पत्र प्रेषित ।

➢ कार्यालयबाट मिति २०८०/४/१ मा गरिएको पत्राचार अनुसार बजेट खर्च गर्दा पालना गर्नुपर्ने शर्तहरूको बुँदा नं. २ मा उल्लेख गरिएको बमोजिम "प्रत्येक महिना भुक्तान भएको ७ दिनभित्र खर्चको फाँटवारी केन्द्रिय कार्यक्रम समन्य इकाई (PCU) मा पठाउने व्यवस्था मिलाउनुपर्नेछ" भनी उल्लेख गरिएको हुँदा सोही बमोजिम सबै प्रदेशमा मासिक प्रगति विवरण माग गरिएको ।क्षमता विकासका सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने उद्देश्यका साथ, यस कार्यक्रमबाट सञ्चालित क्षमता विकास व्यवस्थापन प्रणाली )CDMIS) लाई UNDP/ European Union Support to Inclusive Federalism (EUSIF) को प्रविधिक सहयोगमा थप विशेषता सहित परिष्कृत गरी हाल सबै प्रदेशमा प्रयोगका लागि तयार भईसकेकोले सबै प्रदेशकासूचना प्रविधी तथा विद्युतिय शासन विज्ञलाई मिति २०८० भाद्र १५ र १६ गते सुर्खेत, कर्णाली प्रदेशमा अभिमूखीकरण प्रदान गरिएको ।

➢ यस कार्यक्रमको आयोजनामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री तथा श्रीमान् सचिवज्यूको समुपस्थितिमा "स्थानीय तहमा कार्यान्वयन गरिएको नवप्रवर्तन साझेदारी कोष (IPF) परियोजनाको समीक्षा गरी कार्यविधी परिमार्जन गर्ने कार्यक्रम" कार्यान्वयन गर्ने उद्देश्यका साथ मितिः २०८० असोज ८ गते



नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

Elephant Garden Hotel and Resort कञ्चनरूप नगरपालिका – ११ बेङ्ग्री, सप्तरीमा कार्यक्रम सञ्चालन गरिएको । यस कार्यक्रमको आयोजनामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रीज्यू ,श्रीमान् सचिवज्यू, तथा दातृनिकायका प्रतिनिधिको उपस्थितिमा “PLGSP Reprogramming का लागि सरोकारवालाहरूसंग परामर्श कार्यक्रम मितिः २०८० असोज ७ गते Hotel Welcome, जनकपुरधाम, धनुषाधाममा सम्पन्न गरिएको ।

- प्रदेश तहका वित्तिय सुशासन मूल्याङ्कन कार्यविधिको आधारमा प्रदेश मन्त्रालयगत तथा प्रदेश तहको वित्तिय सुशासन मूल्याङ्कन गर्न कार्यक्रम कार्यान्वयन इकाई (PCU) को गत बर्षको कार्यक्रमबाट प्रदेश वित्तिय प्रणाली Provincial Fiduciary Risk Assessment (P-FRA) शुरू भै सकेकोले उक्त प्रणाली (P-FRA) सम्बन्धित प्रदेशबाट पृष्ठपोषण प्राप्त गरी सञ्चालनको अवस्थामा रहेको हुँदा सो को अभिमुखीकरण कार्यक्रममा प्रदेशबाट PFM Expert र IT & e-Governance Expert लाई मिति २०८०/६/५ र ६ गते धुलिखेलमा अभिमुखीकरण प्रदान गरिएको ।
- आ.व. २०७९/८० मा स्वीकृत बार्षिक कार्यक्रम मार्फत मधेश प्रदेशमा सञ्चालन भएका कार्यक्रमको असल अभ्यासहरूको प्रस्तुतीकरण तथा प्रगति समीक्षा र नवप्रवर्तन साझेदारी कोषको समीक्षा कार्यक्रम मितिः २०८० जेठ २६ र २७ गते, होटल विनायक, बर्दिबास, महोत्तरीमा सम्पन्न भएको ।
- नेपाल सरकार र विकास साझेदारहरूबीच सम्झौता (LoE) भई कार्यक्रमको एक वर्ष थप (No cost Extension- July २०२३ to July २०२४) भएको ।
- प्राविधिक सहायता (Technical Assistance) को अन्तिम मूल्याङ्कन भईरहेको ।
- प्राविधिक सहायता (Technical Assistance) पुनःसंरचनाका लागि समिक्षा भईरहेको ।
- कार्यक्रमको पुनःसंरचना (re-programming) को तयारी भईरहेको ।
- स्थानीय तह र प्रदेशका सरोकारवालाहरूसँग परामर्श सम्पन्न ।
- प्राप्त सुझावका आधारमा कार्यक्रमको विस्तार (possible multi-year extension) का लागि कार्यक्रम दस्तावेज पुनर्लेखन हुने ।

## १९. तराई-मधेश समृद्धि कार्यक्रम

| सि.नं. | मुख्य क्रियाकलाप | प्रगति |
|---|---|---|
| १ | तराइ-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका संशोधन गर्ने | २०८०/६/१० मा मा. मन्त्री स्तरवाट स्वीकृत भएको |
| २ | केन्द्रिय निर्देशक समितिको वैठकबाट स्वीकृत आयोजना/कार्यक्रमहरुको जानकारी सम्बन्धित स्थानीय तहहरुमा गराइने | आयोजना/कार्यक्रमहरु स्वीकृत भएका स्थानीय तहहरुमा पत्राचार गरी जानकारी गराइएको |
| ३ | आ.व. २०७९/८० मा सञ्चालन भएका आयोजना/कार्यक्रमहरुको प्रगति विवरण तयार गर्ने | सम्बन्धित स्थानीय तहहरुसँग विवरण माग गरि एकिकृत प्रगति प्रतिवेदन तयार गरि प्रकाशन गर्ने तयारीमा रहेको |
| ४ | अनुगमन तथा मुल्याङ्कन गर्ने | मन्त्रालय तथा तराई मधेश समृद्धि कार्यक्रमवाट नियमित अनुगमन भइरहेको |



नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

२०.सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा

- रा.प.प्रथम श्रेणी सरुवा – ८७ जना
- रा.प.द्वितीय श्रेणी सरुवा – २२ जना
- रा.प.तृतीय श्रेणी सरुवा – ३३९ जना
- रा.प.अनं सरुवा – ६६५ जना
- सरुवा सहमति – ३ जना
- सचिवालय कामकाज – ६ जना
- कामकाज खटाईएको – १० जना
- नयाँ नियुक्ति – २०९ जना
- नियुक्ति सिफारिस – १९ जना

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद

| | |
|---|---|
| प्रमुख | सचिव श्री विनोद प्रकाश सिंह |
| प्रवक्ता | सहसचिव श्री कमल प्रसाद भट्टराई |
| सहायक प्रवक्ता एवम् सूचना अधिकारी | उपसचिव श्री अश्विन कुमार पोखरेल |

## ११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अदध्यावधिक विवरण

आ व २०८०।८१ को २०८० आश्विन मसान्त सम्मको बजेट र खर्चको प्रगति (रु हजारमा)

| क सं | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६८९४०० | ६२०० | ६९५६०० | ४४५४० | २६ | ४४५६६ | ६.४६ | ०.४२ | ६.४१ |
| २ | अतिरिक्त समूह | १२५१९९.४२१ | ० | १२५१९९.४२१ | ४११५९ | ० | ४११५९ | ३२.८७ | | ३२.८७ |
| ३ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | २५०० | ० | २५०० | ० | ० | ० | ० | | ० |
| ४ | जिल्ला समन्वय समितिको कार्यालयहरु | ११९७८०० | ० | ११९७८०० | २६२७३८ | ० | २६२७३८ | २१.९४ | | २१.९४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ४२७०० | ० | ४२७०० | ३३८ | ० | ३३८ | ०.७९ | | ०.७९ |
| ६ | तराई मधेस समृद्धि कार्यक्रम | १७१०० | ३०० | १७४०० | २६२४ | ० | २६२४ | १५.३४ | ० | १५.०८ |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४८०१०० | ४०१०० | ५२०२०० | १२१६६ | ९४ | १२२६० | २.५३ | ०.२४ | २.३६ |
| ८ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | ४९०००० | ० | ४९०००० | ० | ० | ० | ० | | ० |
| ९ | साना विकास परियोजना | ४८०००० | ० | ४८०००० | ० | ० | ० | ० | | ० |
| १० | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | ८८५००० | ० | ८८५००० | ० | ० | ० | ० | | ० |
| ११ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | ४३०००० | १५४००० | ५८४००० | ० | ० | ० | ० | ० | ० |
| १२ | निजामती किताबखाना | ७३३०० | २६०० | ७५९०० | १४१२० | ० | १४१२० | १९.२६ | ० | १८.६ |
| १३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ९०६४८ | ७०० | ९१३४८ | १६७८७ | २८६ | १७०७३ | १८.५२ | ४०.८३ | १८.६९ |
| १४ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २०३१०० | ० | २०३१०० | ३५७६७ | ० | ३५७६७ | १७.६१ | | १७.६१ |
| १५ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६७८५२ | ५०० | ६८३५२ | १२३२१ | ० | १२३२१ | १८.१६ | ० | १८.०३ |
| १६ | निजामती कर्मचारी अस्पताल विकास समिति | १८१००० | ३०००० | २११००० | ३१८ | ० | ३१८ | ०.१८ | ० | ०.१५ |
| जम्मा | | ५४५५६९९.४२१ | २३४४०० | ५६९००९९.४२१ | ४४२८७८ | ४०६ | ४४३२८४ | ८.१२ | ०.१७ | ७.७९ |

## १२.सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाईट www.mofaga.gov.np मा नियमित प्रकाशन हुने गरेको, प्रत्येक स्थानीय तहको छुट्टाछुट्टै पोर्टल निर्माण गरि स्थानीय तहको पोर्टलमा समेत पठाउने गरिएको । साथै, विभाग, समिति, प्रतिष्ठान र स्थानीय तहहरुका सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको छ।

## १३. मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन

आ.ब. २०८०/८१ को २०८० आश्विन मसान्त सम्ममा प्राप्त सूचना माग सम्बन्धी निवेदनको आधारमा ७ वटाको सूचना उपलब्ध गराइएको ।

## १४. मन्त्रालयले गरेका सूचना सम्बन्धी थप कामहरु

- ७५३ स्थानीय तहहरुलाई आन्तरिक संचारको लागि Mofaga Portal विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।



नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

- आन्तरिक संचारको लागि बल्क ईमेल तथा वेव एसएमएस सिस्टम विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।
- पोर्टल संचालनको लागि ७५३ स्थानीय तहहरुलाई युजर नेम र पासवर्ड उपलब्ध गराई सम्बन्धित स्थानीय तहको विवरण अद्यावधिक गराउने कार्य गरिएको ।

## १५. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

## १६. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

यस मन्त्रालय अन्तर्गतका सार्वजनिक गर्न मिल्ने र नमिल्ने प्रकृतिका सूचनाहरुको वर्गीकरण गरी सो सम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।

## १७. ऐन नियम तथा निर्देशिकाको सूची

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६
- कर्मचारी समायोजन ऐन, २०७५
- जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८
- ट्रेड युनियन ऐन,२०४९
- निवृत्तिभरण कोष ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९
- नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९
- भ्रष्टाचार निवारण ऐन, २०५९
- लोकसेवा आयोग ऐन, २०६६
- वातावरण संरक्षण ऐन, २०७६
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७
- कर्मचारी समायोजन नियमावली, २०७४
- जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली, २०७४
- ट्रेड युनियन नियमावली, २०५०
- निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२
- निजामती कर्मचारी योगदान कोष (सञ्चालन) नियमावली, २०६९
- निजामती सेवा नियमावली, २०५०
- निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१
- नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति)
- नेपाल प्रशासन सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
- नेपाल विविध सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
- भ्रमण खर्च नियमावली, २०६४
- वातावरण संरक्षण नियमावली, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- वैयक्तिक गोपनीयताको हक सम्बन्धी नियमावली, २०७७
- सार्वजनिक खरिद नियमावली, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- सूचनाको हकसन्बन्धी नियमावली, २०६५
- सरकारी कार्यालयको वेवसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८

नोटः प्रस्तुत विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको वेवसाइट www.mofaga.gov.np मा समेत हेर्न सकिन्छ ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं